फेदाप गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०८०/०२/२२)

यस गाउँपालिका क्षेत्र भित्रका कृषकहरुका लागि आ.व.०७९/८० का लागि हिलटयाङ्क तथा पाईप खरिद गर्नु पर्ने भएको हुँदा यो सूचना प्रकाशित गरिएकोछ । उल्लेखित प्रक्रिया **E-GP System** वा सोझै कार्यालयमा खरिद गर्न सकिने छ । साथै थप जानकारीको लागि यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेवसाइट www.phedapmun.gov.np बाट समेत बुझ्न वा हेर्न समेत सकिनेछ ।

तपसिल

| सि नं. | विवरण | ठेक्का नं. | मू.अ.कर सहीत अनुमानित मूल्य | धरौटी रकम | कै |
|---|---|---|---|---|---|
| १ | हिलटयाङ्क तथा पाईप | **PMRM 06/079/80** | १९,९४,३०९.८१/- | ५०,०००/- | |

प्रमुख प्रशासकीय अधिकृत

आचार्य
प्रमुख प्रशासकीय अधिकृत

फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लाबाङ, तेह्रथुम
कोशी प्रदेश, नेपाल

## कृषकहरुका लागि हिलटयाङ्क तथा पाईप खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०८०/०२/२२)

प्रस्तुत विषयमा यस गाउँपालिका क्षेत्र भित्रका कृषकहरुका लागि आ.व. ०७९/८० मा हिलटयाङ्क तथा पाईप खरिद गर्नुपर्ने भएको हुँदा ईच्छुक आपूर्ति गर्न इजाजत प्राप्त भ्याटमा दर्ता भएका उत्पादक कम्पनी वा फर्मले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको मध्याह्न ठीक १२ बजे भित्र रु.१०००।– (फिर्ता नहुने गरी) तिरी शिलबन्दी दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले तपसिलको शर्त/अधिनमा रही शिलबन्दी दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

## तपसिल

१। शिलबन्दी दरभाउपत्र खरिद गर्नका लागि निवेदकले आ.व. ०७९/८० को नवीकरण गरेको कर चुक्ता प्रमाणपत्र वा सोसँग मान्य हुने अन्य कुनै लिखित कागजात, कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, व्यवसाय प्रमाणपत्र, आयकर तथा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राख्नुपर्नेछ।

२। खरिद प्रक्रिया E-GP प्रणालीको माध्यमबाट वा सोझै कार्यालमा भौतिक उपस्थितिमा पनि खरिद गरिने भएकोले सार्वजनिक खरिद अनुगमन कार्यालय काठमाण्डौंको आधारिकारिक वेवसाइट www.bolpatra.gov.np बाट विड डकुमेन्ट दरभाउपत्रदाताले सूचना प्रकाशित भएको मितिले १६ औं दिनको मध्याह्न ठीक १२ बजे भित्र दरभाउपत्र फाराम खरिद गरिसक्नुपर्नेछ । बिक्री भै सकेका दरभाउपत्र फारामहरु १६ औं दिनको मध्याह्न ठीक १२ बजे रितपूर्वक लाहाछाप गरी विद्युतीय माध्यम वा सोझै कार्यालयमा दर्ता गर्नुपर्नेछ । साथै E-Submission का लागि दरभाउपत्र खरिद दस्तुर वापत आन्तरिक राजश्व खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का नं. र दरभाउपत्रको नाम खुलेको राजश्व दाखिला भौचर Electronic Bid File साथै पेश गर्नुपर्नछ । रीतपूर्वक दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु सोही दिनको ठीक १ बजे प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । उक्त दरभाउपत्र खोल्ने कार्यक्रममा

विष्णुप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा खोल्न बाधा पर्नेछैन तर दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो सम्बन्धी सम्पूर्ण कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ

३। E-Bidding मार्फत कागजात खरिद गर्नका लागि नविल बैंक लिमिटेड, फेदाप शाखामा रहेको यस गाउँपालिकाको राजस्व खाता नं. २३२०१०१७५०००३९ मा रकम जम्मा गर्नुपर्नेछ ।

४। दरभाउत्रपत्र साथ नविल बैंक लिमिटेड फेदाप शाखामा यस गाउँपालिकाको धरौटी खाता नं. २३२०१०१७५०००२५ मा फर्मको नामबाट तपसिलमा उल्लेखित जमानत बापतको रकम जम्मा गरेको भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिले कम्तीमा ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" बर्गका बाणिज्य बैकहरु मध्येबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत (विडवण्ड) पेश गर्नुपर्नेछ । सम्झौता सम्पन्न भएपछि मात्र दरभाउपत्र जमानत बापतको रकम फिर्ता गरिनेछ ।

५। शिलबन्दी दरभाउपत्रमा कबोल गरिएको दररेट अंक र अक्षरमा दुवै मा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ । केरमेट भएको स्थानमा दस्तखत गरेको हुनुपर्नेछ ।

६। सम्बन्धित लाभग्राहीको तर्फबाट अनिवार्य न्यूनतम पच्चीस प्रतिशत(२५%) लागत सहभागीता भएको हुदाँ ७५ प्रतिशत(७५%) गाउँपालिकाबाट भूक्तानी हुने र बाँकी कृषक/लाभग्राही बाट लागत साझेदारीको रकम जम्मा भएपछि नगदै भूक्तानी हुनेछ ।

७। बैक जमानत, परफरमेन्स ग्यारेन्टी, अग्रिम पेश्की लगायतका कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तोकिएको Standard ढाँचामा हुनुपर्नेछ । तोकिएको ढाँचामा अनुसार नभएमा मूल्यांकनमा समावेश गरिने छैन ।

८। सप्लाई हुने पाईप 20MM नेपाल गुणस्तर-४० तथा हिलटयाङ्क एक्सट्रा हेवी ट्रिपल लियर नेपाल गुणस्गर प्राप्त हुनुपर्नेछ ।

९. प्राप्त हुन आएका दरभाउपत्र प्रतिस्पर्धाको आधारमा स्वीकार गर्ने अथवा पूर्ण रुपमा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

विष्णुप्रसाद आचार्य,
प्रमुख प्रशासकीय अधिकृत

१०. एक विक्रेताको नाममा बिक्री भएको दरभाउपत्र फाराम अर्को विक्रेताको नाममा दाखिला गर्न पाउनेछैन ।

११. कार्यालयमा थप हिलटयाङ्क तथा पाईप आवश्यक भई खरिद गर्नुपर्ने भएमा सोही दररेट अनुसार थप खरिद गर्न पनि सकिनेछ । शिलबन्दी दरभाउपत्र मा पेश गरेको मूल्यमा यस आ.व.का लागि दररेट भएको हुँदा आगामी आषाढ मसान्त सम्म कुनै प्रकारको मूल्यवृद्धिलाइ स्वीकार गरिनेछैन ।

१२. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा कार्य सम्पादन जमानत बापत सम्झौता अंकको थप ५ प्रतिशतले हुन आउने रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकबाट जमानत वा नगद माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

१३. दरभाउपत्रदाताले दरभाउपत्र फारामको प्रत्येक पानाहरुमा नमेटिने मसीले सही गरी फर्म वा कम्पनीको छाप समेत लगाउनुपर्नेछ ।

१४। सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ संशोधन सहित तथा अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ

१५. शिलबन्दी दरभाउपत्र सम्बन्धी केही थप कुरा बुझ्नु पर्ने भएमा कार्यालयको वेवसाइट www.phedapmun.gov.np वा कार्यालय समयमा ९८४२२६४२२२ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

<u>तपसिल</u>

| सि.नं | विवरण | ठेक्का नम्बर | मू.अ.कर सहीत अनुमानित मूल्य | धरौटी रकम | कै. |
|---|---|---|---|---|---|
| १ | हिलटयाङ्क तथा पाईप खरिद | **PMRM 06/079/80** | १९,९४,३०९.८१/- | ५०,०००/- | |

प्रमुख प्रशासकीय अधिकृत

विष्णुप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत